
विधेयक संख्याः

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक



२०८३

सङ्घीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

उद्देश्य र कारण

तस्करी (भन्सार, अन्तःशुल्क तथा करसहित) सम्बन्धी, कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) सम्बन्धी, धितोपत्र वा कमोडिटिज बजारलाई प्रतिकूल प्रभाव पार्ने (मार्केट म्यानिपुलेसन) वा भित्री कारोबार (इन्साइडर ट्रेडिङ) सम्बन्धी, मुद्रा, बैङ्किङ, वित्तीय, विदेशी विनिमय, विनिमेय अधिकारपत्र र बिमा सम्बन्धी सम्बद्ध कसूरसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) को विषयमा गरिने अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाउन विद्यमान कानूनमा तत्काल संशोधन गर्न आवश्यक भएको र सङ्घीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्था समेत नभएकोले "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३" जारी भएको थियो। यसरी जारी भएको अध्यादेश सङ्घीय संसदमा पेश भई स्वीकृत समेत भएकोले नेपालको संविधानको धारा ११४ को उपधारा (२) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ग) मा उल्लिखित अवधिभित्रै अध्यादेश प्रतिस्थापन विधेयक सङ्घीय संसदमा पेश गर्न आवश्यक भएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३ लाई सरकारी विधेयकको रुपमा सङ्घीय संसदमा पेश गरिएको छ।

(डा. स्वर्णिम वाग्ले)
अर्थ मन्त्री

सैद्धान्तिक अवधारणा

सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाई अवैध रुपमा हुने सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यलाई नियन्त्रण गर्न आवश्यक भएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सङ्घीय संसदमा पेश गर्न मिति २०८३।०३।०५ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ।

आर्थिक टिप्पणी

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ कार्यान्वयनमा रहेको र उक्त ऐन बमोजिम गरिने सम्पूर्ण अनुसन्धान र अभियोजनका लागि संस्थागत संरचना पहिलेनै निर्माण गरिको हुँदा प्रस्तावित संशोधनको प्रावधानको कार्यान्वयनबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिँदैन।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १३ मा संशोधन** : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा १३ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) सम्बद्ध कसूरसँग सम्बन्धित नभएको सम्पत्ति शुद्धीकरण सम्बन्धी विषय भए विभागमा।"

३. **मूल ऐनको दफा २२ मा संशोधन** : मूल ऐनको दफा २२ को उपदफा (१) मा रहेका "सम्बन्धित सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "विभागको हकमा महान्यायाधिवक्ताको सिफारिसमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी वकील कार्यालयमा र अन्यको हकमा सम्बन्धित सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।

४. **खारेजी र बचाउ** : (१) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ खारेज गरिएको छ।

(२) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ अमोजिम विशेष अदालतमा दर्ता भईसकेका सम्पत्ति शुद्धिकरण सम्बन्धी मुद्दा सोही अदालतबाट कारबाही सुनुवाई किनारा गर्न बाधा पर्ने छैन।

(३) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।"

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले

सि.नं.	दफा/उपदफा/खण्ड	हालको कानूनी व्यवस्था	संशोधनका लागि प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको आधार र कारण
१.	दफा १३ को उपदफा (१) को खण्ड (ग)	सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा १३ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :- "(ग) तस्करी (भन्सार, अन्तःशुल्क तथा करसहित) सम्बन्धी, कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) सम्बन्धी, धितोपत्र वा कमोडिटिज बजारलाई प्रतिकूल प्रभाव पार्ने (मार्केट म्यानिपुलेसन) वा भित्री कारोबार (इन्साइडर ट्रेडिङ) सम्बन्धी, मुद्रा, बैङ्किङ, वित्तीय, विदेशी विनिमय, विनिमेय अधिकारपत्र र बिमा सम्बन्धी सम्बद्ध कसूरसँग सम्बन्धित सम्पत्ति शुद्धीकरणको सूचना भए विभागमा।"	"(ग) सम्बद्ध कसुरसँग सम्बन्धित नभएको सम्पत्ति शुद्धीकरण सम्बन्धी विषय भए विभागमा।"	सम्बद्ध कसुरसँग सम्बन्धित नभएको सम्पत्ति शुद्धीकरण सम्बन्धी विषयको अनुसन्धान विभागबाट गर्न उपयुक्त हुने भएको।
२.	दफा २२ को उपदफा (१)	(१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर सम्बन्धमा अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले प्रचलित कानून बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।	मूल ऐनको दफा २२ को,- (१) उपदफा (१) मा रहेका "सम्बन्धित सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "विभागको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी वकील कार्यालयमा र अन्यको हकमा सम्बन्धित सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।	विभागको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी वकील कार्यालयमा र अन्यको हकमा सम्बन्धित सरकारी वकील कार्यालयको राय बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा दर्ता गर्न उपयुक्त भएको।